नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद समन्वय शाखा)

पत्र संख्या : ०८१/०८२
चलानी नं. : २०४

मिति: २०८२/०३/०४

श्री महानगर/उपमहानगर/नगरपालिका, (सबै)
श्री गाउँपालिका, (सबै) ।

विषयः राष्ट्रिय वनको जग्गा प्राप्तिको लागि विकास आयोजनाले पेश गर्नु पर्ने कागजात सम्बन्धमा।

उपरोक्त सम्बन्धमा तहा पालिकाबाट राष्ट्रिय वनमा प्रस्तावीत कुनै विकास आयोजनाले वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ बमोजिम राष्ट्रिय वनको जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका रुखविरुवा हटाउन स्वीकृति माग गर्दा पेश गर्ने कागजात र पुरा गर्नुपर्ने प्रक्रिया सम्बन्धी कागजात पाना-५ यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(सन्तोष कुमार खत्री)
शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ४२००४८२
email: cdms.mofaga@gmail.com, env.disaster.mgmt.section@mofaga.gov.np, website: http://www.mofaga.gov.np

# नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

पो.व.नं. : ३९८७
सिंहदरवार, काठमाडौं


पत्र संख्या :- ०८१/८२
चलानी नं. :- ४८१

मिति : २०८२/२/१६
नेपाल सम्बत ११४५

विषयः राष्ट्रिय वनको जग्गा प्राप्तिको लागि विकास आयोजनाले पेश गर्नुपर्ने कागजात सम्वन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय, सिंहदरवार, काठमाण्डौं ।
श्री सहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री संचार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री खानेपानी मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री संकृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं ।
श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री रक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३९९९
दर्ता मितिः- २/१९

प्रस्तुत विषयमा तहाँ मन्त्रालय अन्तर्गतका राष्ट्रिय वनमा प्रस्तावित विकास आयोजनाले वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ बमोजिम राष्ट्रिय वनको जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका रुखविरुवा हटाउन स्वीकृति माग गर्दा पेश गर्नुपर्ने कागजात र पुरा गर्नुपर्ने प्रकृया सम्वन्धी कागजात पाना -५ (पाँच) यसैसाथ संलग्न राखी आवश्यक कारवाहीको लागि पठाईएको व्यहोरा नेपाल सरकार ,वन तथा वातावरण मन्त्रालय (सचिवस्तर)को मिति २०८२/२/१ को निर्णयानुसार अनुरोध छ ।

२०८२/२/१६

खिलानाथ दाहाल
वन अधिकृत

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: २०४४
मितिः २०८२/२/२०

# राष्ट्रिय वनको जग्गा प्राप्तीका लागी विकास आयोजनाले पेश गर्नुपर्ने कागजात र पुरा गर्नुपर्ने प्रक्रियाहरू

(२०८२।०२।०१ सम्मको व्यवस्था वमोजिम सेवाग्राहीको सहजताको लागी प्रकाशित)

## १. निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू

विकास आयोजनाले राष्ट्रिय वनको जग्गा प्राप्तीका लागी सम्बन्धित निकाय/मन्त्रालय मार्फत वन तथा वातावरण मन्त्रालयमा सुरू निवेदन/पत्र पेश गर्नुपर्नेछ। तिनै तहका सरकारहरुवाट संचालन हुने विकास आयोजनाहरुले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु देहाय बमोजिम उल्लेख गरिएको छ ।

(क) संघीय सरकारवाट संचालन हुने आयोजनाले पेश गर्नुपर्ने कागजातहरु

१. सम्भाव्यता अध्ययन प्रतिवेदन: राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गर्नुको अन्य विकल्प नभएको पुष्टाइ खुल्ने र आवश्यक पर्ने वनको क्षेत्रफलको औचित्य पुष्टाइ गर्ने आधार र कारण समावेश भएको तालुक निकायवाट स्विकृत प्रतिवेदन,

२. अनुमतीपत्र: कुनै निकायबाट अनुमतीपत्र जारी भएको विकास आयोजना भए त्यस्तो अनुमतीको प्रतिलिपी,

३. स्विकृत भएको वातावरणीय अध्ययन प्रतिवेदन: वातावरण संरक्षण ऐन, २०७६ को परिच्छेद-२ र वातावरण संरक्षण नियमावली,२०७७ को परिच्छेद-२ वमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन वा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन र तोकेको निकायवाट स्विकृति भएको पत्र,

४. प्रयोग गर्नु पर्ने राष्ट्रिय वनको क्षेत्रफल (हेक्टरमा) र हटाउनु पर्ने प्रत्येक रुख तथा पोलको जीपिएस लौकेशन सहितको विस्तृत लगत सहितको विवरण,

५. विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदन लगायतका स्वीकृत कार्यक्रम सम्बन्धि आवश्यक अन्य कागजात,

६. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा राष्ट्रिय योजना आयोगको निर्णय वा लगानी वोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौता सहित बोर्डको निर्णय वा राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात ।

(ख) प्रदेश सरकारबाट सञ्चालन हुने आयोजनाले पेश गर्नुपर्ने कागजातहरु

१. सम्भाव्यता अध्ययन प्रतिवेदन: राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गर्नुको अन्य विकल्प नभएको पुष्टाइ खुल्ने र आवश्यक पर्ने वनको क्षेत्रफलको औचित्य पुष्टाइ गर्ने आधार र कारण समावेश भएको तालुक निकायवाट स्विकृत प्रतिवेदन,

२. अनुमतीपत्र: कुनै निकायवाट अनुमतीपत्र जारी भएको विकास आयोजना भए त्यस्तो अनुमतीको प्रतिलिपी,

३. स्विकृत भएको वातावरणीय अध्ययन प्रतिवेदन: वातावरण संरक्षण ऐन, २०७६ को परिच्छेद-२ र वातावरण संरक्षण नियमावली,२०७७ को परिच्छेद-२ वमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन र तोकेको निकायवाट स्विकृति भएको पत्र,

उप-सचिव

सह-सचिव

## २. निवेदन उपर कारवाहीका चरणहरु

चरण १: मन्त्रालयमा निवेदन साथ कागजात प्राप्त भएपश्चात प्राप्त हुन आएका कागजात संलग्न राखी वन तथा भू-संरक्षण विभाग वा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा राय प्रतिक्रिया सहितको विवरण उपलब्ध गराउन पत्राचार,

चरण २: विभागहरुले राय सहितको विस्तृत विवरण पेस गर्न प्राप्त हुन आएका कागजात संलग्न राखी सम्बन्धित कार्यालयहरूमा पत्राचार,

चरण ३: सम्बन्धित कार्यालय डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय, आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालयहरूले फिल्ड भेरिफिकेसन गरी प्रचलित ऐन/कानून/नियम/कार्यविधि/मापदण्ड बमोजिम रूखविरूवाको लगत एवं जग्गाको नापनक्शा सहितको विवरण तयार एवं स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको भेरिफिकेसन गरी रायसुझाव सहितको सिफारिस सम्बन्धित विभागमा पेस,

चरण ४: सम्बन्धित कार्यालयहरूबाट रायसुझाव सहित भेरिफिकेसन भई आएको विवरणहरूको प्रचलित ऐन, कानून, नियम, मापदण्ड, कार्यविधि बमोजिम भएको अवस्थामा वन तथा भू-संरक्षण विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले रायसुझाव सहितको सिफारिस समेत संलग्न राखी कागजातहरूको चेकलिष्ट प्रमाणित गरी मन्त्रालयमा पेस,

चरण ५: मन्त्रालयमा विभागहरूबाट प्राप्त हुन आएका कागजातहरु अध्ययन गर्दा प्रचलित ऐन, कानून, नियम, मापदण्ड, कार्यविधि बमोजिम भएको अवस्थामा विकास आयोजनाले पालना गर्नुपर्ने सर्तहरू तोकी सोको पालना गर्ने प्रतिवद्धता-पत्र मन्त्रालयमा पेस गर्न सम्वन्धित विकास आयोजनालाई पत्राचार,

चरण ६: विकास आयोजनाबाट प्रतिवद्धता-पत्र प्राप्त भएपश्चात राष्ट्रिय वनको जग्गा प्रयोग गर्ने सम्वन्धमा वन ऐन, २०७६ को दफा ४२ तथा संरक्षित क्षेत्रको वनको जग्गा प्रयोग गर्ने सम्वन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पठाउने ।

चरण ७: नेपाल सरकार, मन्त्रिपरिषदवाट प्रस्ताव स्विकृत भएको जानकारी मन्त्रालयमा प्राप्त भए पश्चात सम्वन्धित विभागमा निर्णय कार्यान्वयनका लागी लेखी पठाउने ।

चरण ८: विभागले निर्णय कार्यान्वयनका लागि विकास आयोजनालाइ पत्राचार गरी आयोजनावाट जग्गा सट्टाभर्ना र वृक्षारोपण वापत नियमानुसार लाग्ने रकम वन विकाष कोषमा जम्मा गरी सकेपछी आयोजना र विभाग बीच राष्ट्रिय वन क्षेत्रको जग्गाको प्रयोग र रुख कटान लगायतका विषयमा सम्झौता हुने ।

चरण ९: चरण ८ वमोजिमको सम्झौता पश्चात विकास आयोजनाले सम्वन्धित कार्यालयको सहजिकरणमा रुख कटान र आयोजना संचालन गर्न मिल्ने ।

उप-सचिव

सह-सचिव

४. प्रयोग गर्नु पर्ने राष्ट्रिय वनको क्षेत्रफल (हेक्टरमा) र हटाउनु पर्ने प्रत्येक रुख तथा पोलको जीपिएस लोकेशन सहितको विस्तृत लगत सहितको विवरण,

५. विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदन लगायतका स्वीकृत कार्यक्रम सम्वन्धि आवश्यक अन्य कागजात,

६. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा राष्ट्रिय योजना आयोगको निर्णय वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौता सहित बोर्डको निर्णय वा राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात ।

७. सम्वन्धित प्रदेश सरकारले बजेटको सुनिश्चितता गरेको निर्णय सहितको पत्र,

८. प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजनाको हकमा सम्वन्धित प्रदेश सरकार, मन्त्रिपरिषदको निर्णय ।

(ग) स्थानीय तहबाट सञ्चालन हुने आयोजनाले पेश गर्नुपर्ने कागजातहरु

१. सम्भाव्यता अध्ययन प्रतिवेदन: राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गर्नुको अन्य विकल्प नभएको पुष्टाइ खुल्ने र आवश्यक पर्ने वनको क्षेत्रफलको औचित्य पुष्टाइ गर्ने आधार र कारण समावेश भएको तालुक निकायवाट स्विकृत प्रतिवेदन,

२. अनुमतीपत्र: कुनै निकायबाट अनुमतीपत्र जारी भएको विकास आयोजना भए त्यस्तो अनुमतीको प्रतिलिपी,

३. स्विकृत भएको वातावरणीय अध्ययन प्रतिवेदन: वातावरण संरक्षण ऐन, २०७६ को परिच्छेद-२ र वातावरण संरक्षण नियमावली,२०७७ को परिच्छेद-२ वमोजिम संक्षिप्त वातावरणिय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन वा वातावरणिय प्रभाव मुल्यांकन प्रतिवेदन र तोकेको निकायवाट स्विकृत भएको पत्र,

४. प्रयोग गर्नु पर्ने राष्ट्रिय वनको क्षेत्रफल (हेक्टरमा) र हटाउनु पर्ने प्रत्येक रुख तथा पोलको जीपिएस लोकेशन सहितको विस्तृत लगत सहितको विवरण,

५. विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदन लगायतका स्वीकृत कार्यक्रम सम्वन्धि आवश्यक अन्य कागजात,

६. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा राष्ट्रिय योजना आयोगको निर्णय वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौता सहित बोर्डको निर्णय वा राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात ।

७. सम्वन्धित स्थानीय तहले बजेटको सुनिश्चितता गरेको निर्णय सहितको पत्र,

८. स्थानीय तहको प्राथमिकता प्राप्त आयोजनाको हकमा स्थानीय तह (कार्यपालिका) को निर्णय ।

उप-सचिव

सह-सचिव

# वनको जग्गा प्राप्तीका लागी निवेदनका साथमा स्वघोषणा तथा आवश्यक कागजपत्रहरुको स्वपरिक्षण फारम

| सि.नं. | संलग्न हुनु पर्ने कागजातहरु | थान | छ | छैन |
|---|---|---|---|---|
| १ | प्रयोग गर्नु पर्ने राष्ट्रिय वनको क्षेत्रफल (हेक्टरमा) र हटाउनु पर्ने रुख सख्याँ खुलाएको तालुक निकाय वा मन्त्रालयको सिफारिश पत्र | | | |
| २ | सम्भाव्यता अध्ययन प्रतिवेदन (अन्य विकल्प नभएको र वनको क्षेत्रफलको औचित्व पुष्टाइ गर्ने आधार र कारण समावेश भएको तालुक निकायबाट स्विकृत प्रतिवेदन) | | | |
| ३ | कुनै निकायबाट अनुमतीपत्र जारी भएको विकास आयोजना भए त्यस्तो अनुमतीको प्रतिलिपी | | | |
| ४ | स्विकृत भएको वातावरणीय अध्ययन प्रतिवेदन | | | |
| ५ | प्रयोग गर्नु पर्ने राष्ट्रिय वनको क्षेत्रफल (हेक्टरमा) , नक्सा र हटाउनु पर्ने रुखको लगत | | | |
| ६ | विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), लगायतका स्वीकृत कार्यक्रम सम्वन्धि आवश्यक अन्य कागजात | | | |
| ७ | राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा राष्ट्रिय योजना आयोगको निर्णय वा | | | |
| | लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौता सहित बोर्डको निर्णय वा | | | |
| | राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात | | | |
| ८ | आयोजना सगं सम्वन्धित निर्णय प्रकृयालाइ सहयोग पुग्ने अन्य कागजात | | | |

उपरोक्तमा उल्लेख भए अनुसार सबै कागजपत्र संलग्न छन भनी स्वघोषणा गर्ने आधिकारीक ब्यक्तिको:

हस्ताक्षर:-

नाम:-

पद:-

ठेगाना र सम्पर्क नम्बर:-

उप-सचिव

सह-सचिव

## वनको जग्गा प्राप्तीका लागी निवेदनका साथमा स्वघोषणा तथा आवश्यक कागजपत्रहरुको स्वपरिक्षण फारम

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | प्रदेश सरकारवाट संचालन हुने आयोजनाका लागी ( माथी संघीय सरकारवाट संचालन हुने आयोजनाका लागी उल्लेख भएका १ देखी ८ सम्मका विषयका अतिरिक्त ) | | | | |
| ९ | सम्वन्धित प्रदेश सरकारले बजेटको सुनिश्चितता गरेको निर्णय सहितको पत्र, | | | | |
| १० | प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजनाको हकमा सम्वन्धित प्रदेश सरकार, मन्त्रिपरिषदको निर्णय | | | | |
| (ग) | स्थानिय तहवाट संचालन हुने आयोजनाका लागी ( माथी संघीय सरकारवाट संचालन हुने आयोजनाका लागी उल्लेख भएका १ देखी ८ सम्मका विषयका अतिरिक्त ) | | | | |
| ९ | सम्वन्धित स्थानीय तहले बजेटको सुनिश्चितता गरेको निर्णय सहितको पत्र | | | | |
| १० | स्थानीय तहको प्राथमिकता प्राप्त आयोजनाको हकमा सम्वन्धित स्थानीय तह (कार्यपालिका) को निर्णय | | | | |

उपरोक्तमा उल्लेख भए अनुसार सबै कागजपत्र संलग्न छन भनी स्वघोषणा गर्ने आधिकारीक ब्यक्तिको:

हस्ताक्षरः-

नामः-

पदः-

ठेगाना र सम्पर्क नम्बरः-

उप-सचिव

सह-सचिव